नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट समय-समयमा भएका आदेश र सम्माननीय प्रधानमन्त्रीले राष्ट्रका नाममा सम्बोधनका क्रममा व्यक्त गर्नुभएका प्रतिबद्धताका आधारमा तयार गरिएको कोभिड-१९ व्यवस्थापनका लागि लक्षित कार्ययोजना कार्यान्वयनमा छ।

गृह मन्त्रालयका अनुसार कोभिड-१९ को दोस्रो लहरको संक्रमणलाई प्रभावकारी रोकथाम, उपचार र नियन्त्रणका लागि अस्पताल संख्या ४९३ बाट आज ५०५ पुगेको र शैय्या संख्या २०,३६४ रहेको छ। त्यस्तै आई.सि.यू. र भेन्टिलेटरको संख्या क्रमशः १,८१७ र ७३६ रहेकोमा आज आई.सि.यू १,८७१ र भेन्टिलेटर ७४१ हुन पुगेको छ। एच.डि.यू. को संख्या २,८६५ बाट २,८७७ पुगेको जानकारी प्राप्त भएको छ। त्यसैगरी देशभर अक्सिजन सिलिन्डरको संख्या २७,७६१ रहेको जानकारी प्राप्त भएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि अक्सिजन २२,६५३ एम.टी.क्यू. (MTQ) र अन्य मेडिकल उपकरण ५,०२,१८४ परिमाणको भन्सारबाट पैठारी भएको छ जसको कुल रकम रु. ३,६३,०४,६९६।- हुन आउने विवरण प्राप्त भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट काठमाडौं उपत्यकामा तीन वटा टोली परिचालन गरी बजार अनुगमन भएको छ जसमा विभिन्न छ वटा पसल/फर्मलाई जरिवाना गरिएको छ। मिति २०७८/०१/२५ गते उद्योग सचिव, वाणिज्य तथा आपूर्ति सचिव, गृह सचिव र तीनवटै सुरक्षा निकायका प्रमुख समेतको संयुक्त टोलीबाट काठमाडौं उपत्यकाका विभिन्न अक्सिजन उद्योगहरूको अनुगमन भएको अवस्था छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार आन्तरिक चार्टर उद्धार उडानबाट काठमाडौं आउने यात्रुहरू अनिवार्य पाँच दिन होटल क्वारेन्टिनमा बस्नुपर्ने र त्यसपछि अनिवार्य रुपमा आर.टी.-पी.सी.आर. (RT-PCR) परीक्षण गर्नुपर्ने व्यवस्था भएको छ। गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा, लुक्ला, नेपालगञ्ज र सुर्खेत विमानस्थलबाट १२७ आन्तरिक उडान भरी जम्मा १४८ संख्यामा यात्रुहरू उद्धार गरिएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: -

परराष्ट्र मन्त्रालयका अनुसार चीन सरकारले उपलब्ध गराउने पाँच मिलियन युआन अनुदान सहायता अन्तर्गत ३,५०० थान अक्सिजन सिलिन्डर मध्ये ४०० थान अक्सिजन सिलिण्डर र दश थान भेन्टिलेटर नेपाल वायुसेवा निगमको चार्टर फ्लाईट मार्फत ११ मे २०२१ मा नेपाल ल्याउन सम्बन्धित निकायहरूसँग समन्वय तथा सहजीकरण भएको छ। आवश्यक भ्याक्सिन, स्वास्थ्य उपकरण तथा सामग्रीहरू वस्तुगत सहायता स्वरुप उपलब्ध गराइदिन चीन, जापान र गणतन्त्र कोरियाका दूतावासहरूलाई अनुरोध भएको अवस्था छ।

कोभिड-१९ को दोस्रो लहरको संक्रमणको दर दैनिक तीव्र गतिमा बढिरहेको छ। यसको रोकथाम, नियन्त्रण र उपचार पद्वतिलाई थप सुदृढ एवम् प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबीच पूर्ण समन्वय र सहकार्य अपरिहार्य छ। यस विषम परिस्थितिमा सबैले यस संक्रामक रोग विरुद्व आफू र अरुलाई बच्न र बचाउन भौतिक दुरी कायम राख्ने, मास्क अनिवार्य लगाउने, साबुन पानीले हात बारम्बार धुने जस्ता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएका स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैमा हार्दिक अपिल गर्दछ।

२०७८ वैशाख २६

किरणराज शर्मा

प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np